बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal


बीमा समिति-२०४९
Insurance Board-1992

**परिपत्र नं. १४**

बी.स. २११ (२०७७/०७८) च.नं.४२१७

मिति: २०७८/०१/०९

**श्री ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरु,**

**विषय: कोभिड-१९ को जोखिममा बीमकले सजगता तथा सुरक्षा अपनाउने सम्बन्धमा ।**

विश्वव्यापी रूपमा फैलिरहेको कोभिड-१९ को दोस्रो लहर (Second Wave) नेपालमा पनि व्यापक रूपमा बढ्न गएको परिस्थितिलाई मध्यनजर गर्दै, संभावित संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न आवश्यक स्वास्थ्य सर्तकता सहित बीमा कम्पनीहरूको सेवालाई निरन्तरता दिने सुनिश्चता गर्नुपर्ने भएकोले यस संस्थाबाट ईजाजतपत्र प्राप्त सबै बीमा कम्पनीहरुले देहायका व्यवस्थाहरू अवलम्वन गरी आफ्नो कारोवार सुचारू राख्नुहुन बीमा ऐन, २०४९ को दफा ८(घ) को अधिकार प्रयोग गरि देहाय बमोजिमको निर्देशन जारी गरिएको छ :-

(१) प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहीमा संभावित संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न तत्काल अपनाउनुपर्ने सावधानी स्वरूप माक्स, साबुन, पानी र सेनिटाइजरको अनिवार्य रूपमा व्यवस्था गर्ने, सेवाग्राहीले सेवा लिन आउँदा ज्वरो मापन गर्ने व्यवस्था मिलाउने साथै आवश्यक सुरक्षाका अन्य सम्पूर्ण उपायहरू अवलम्वन गर्ने,

(२) भौतिक दूरी कायम गरी भिडभाड नहुने गरी सेवाग्राहीलाई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने,

(३) सेवाग्राहीको आवतजावत कम हुनेगरी बीमा कम्पनीहरूले दिने सेवाहरूमा यथासम्भव विद्युतीय माध्यमको व्यवस्था गर्ने गराउने,

(४) बीमकहरूबाट संचालन गरिने बैठक, अभिकर्ता तालिम, सेमिनार जस्ता कार्यक्रमहरू भौतिक दुरी कायम गरी अत्यावश्यक सम्पर्क गर्नुपर्ने अवस्था वाहेक अन्य समयमा विद्युतीय माध्यम / भरच्युल माध्यमबाट संचालन गर्ने गराउने,

(५) बीमकमा कार्यरत कर्मचारीहरूलाई एक आपसमा सम्पर्क नहुने गरी संक्रमणको न्यूनीकरणको उपाय अपनाउने,

(६) बीमकमा कार्यरत कर्मचारीमा संक्रमणको शंका लागेमा तुरून्त परीक्षणको व्यवस्था मिलाउने, संक्रमण देखिएका कर्मचारीहरूलाई आइसोलेशन गर्ने र Contact Tracing मा परेका कर्मचारीहरूलाई आवश्यक Home आइसोलेशनको तत्काल व्यवस्था गर्ने,

(७) सेवाग्राहीलाई सेवा दिन कर्मचारीहरूको कार्य विभाजन गरी कार्यालय समयमा सकेसम्म कम कर्मचारीहरू उपस्थिति गराई सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

(राजु रमण पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति ।


पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupandole, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
Website: www.nib.gov.np, E-mail: info@nib.gov.np